## अनुसुची -१५

### उपदफा १३को उप दफा (२)संग सम्बन्धित

### काठ लिलाम बिक्रीको सुचना

### प्रथम पटक सुचना प्रकाशन मिति २०८२/०८/१६ गते

कोटियादेवी सामुदायिक वन उपभोक्ता समुह बुद्धभुमि न.पा.-२,पुरेना कपिलबस्तुको वन क्षेत्रबाट नियमानुसार आ.व. २०८१/०८२ मा संकलन गरि उत्पादन भएका काठ /दाउरा सा.व.उ.स. को घाटगद्दीमा लट बनाई राखिएको साल लगायत जातको गोलिया थान २७६ को १४८९.९५ क्यूफिट र साल जातको दाउरा ६ चट्टा जे जस्तो अवस्थामा छ। सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजान पर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ। रितपुगेका इच्छुक वन पैदावारमा आधारित (काठ दाउरा) संचलानमा रहेका उद्योगहरुले यो सुचना प्रकाशित भएका मितिले २१ दिन भित्र बोलपत्र खरिद गरि २२ औं सिलबन्दी बोलपत्र दाखिलाको लागि आव्हान गरिन्छ। यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

**श्री कोटियादेवी सामुदायिक वन उपभोक्ता समुह**

**बुद्धभुमि न.पा-२ ,पुरेना क.व.**

राष्ट्रिय 'क' वर्गमा वर्गीकृत

राष्ट्रिय दैनिक

बुटवल पब्लिकेशन प्रा. लि.

# बुटवल टुडे

साझा विचार, ताजा समाचार

| वर्ष १४ | अंक ४७ | मंगलबार | १६ मंसिर २०८२ | Tuesday 2 December 2025 | पृष्ठ: ४ | मूल्य: ६ रुपैया



पाल्पाका शिक्षक चिरन्जीवि पौडेल विद्यालयका स्थानीय सामग्रीबाट निर्माण गरिएको 'हलो' देखाएर ग्रामीण उद्यमशिलताको विषयमा जानकारी गराउँदै।

आनन्दलोक हास्पिटल एवं टेस्ट ट्यूब बेबी सेन्टर
डा. आनन्द अग्रवाल (एस. एस. युरोलॉजिष्ट) गोल्ड मेडलिस्ट
डा. अल्पना अग्रवाल स्त्री एवं प्रसुती रोग विषेशज्ञ
विश्व की नवीनतम तकनीक लेजर एवं लैप्रोस्कोपी द्वारा पत्थरी ट्यूमर एवं अन्य आपरेशन
डा.कनिका पोपली अग्रवाल (स्किन रोग विशेषज्ञ)
एम.बी.बी.एस., एम.डी., एफ. आई.ए.एल., ए.एस.आई (आस्ट्रेलिया)
डर्मेटोलॉजी, लेजर, कास्मेटोलॉजी,
ICU, Neuro & Trauma, टेस्ट ट्यूब बेबी
आई सी एस आई (ICSI), आई यू आई (IUI)
सोनौली रोड, गोरखनाथ, गोरखपुर (भारत)
सम्पर्क – ००९१-६३९०५८७९९७

# राप्तीको फोहोर व्यवस्थापन अस्थायी रूपमै 'थामथुम'

**चुमा आचार्य**
लमही (बुटवल टुडे) १५ मंसिर।

प्रदेश राजधानीको राप्ती गाउँपालिकामा केही दिनदेखि उत्पन्न सरसफाइ व्यवस्थापनसम्बन्धी समस्या समाधान भएको छ। गाउँपालिका र आन्दोलनरत पक्षबीच भएको वार्तापछि सरसफाइ व्यवस्थापन केन्द्रमा लगाइएको ताला तत्काल खोलिएको छ। सहमती अनुसार जम्मा भएको फोहोरलाई उचित तरिकाले व्यवस्थापन गर्ने र केन्द्रभित्र रहेको फोहोर पूर्णरूपमा व्यवस्थापन नभएसम्म गाउँबाट फोहोर संकलन कार्य स्थगित रहने सहमति भएको गाउँपालिकाका प्रवक्ता तथा वडा नम्बर २ का अध्यक्ष पहलवान चौधरीले जानकारी दिए।



वार्तामा गाउँपालिकाको तर्फबाट गाउँपालिका अध्यक्ष प्रकाश विष्ट, उपाध्यक्ष कमलापति चौधरी, प्रमुख प्रशासकीय अधिकृत देविराम पाठक, वडा नं. २ का अध्यक्ष तथा प्रवक्ता पहलवान चौधरी,वडा नं. १ का अध्यक्ष गेमबहादुर खड्का, वडा नं. ३ का अध्यक्ष उमेश अधिकारी, वडा नं. ४ का अध्यक्ष बिरबहादुर चौधरी, वडा नं. ६ का अध्यक्ष दिपक कुमार चौधरी, वडा नं. ७ का अध्यक्ष सिताराम चौधरी, इलाका प्रहरी कार्यालय भालुवाङका प्रमुख प्रहरी निरीक्षक पुष्कर सिंह ऐरी, कार्यपालिका सदस्यहरू तथा केही कर्मचारीहरूको सहभागिता रहेको थियो। त्यस्तै, आन्दोलनरत स्थानीयहरूको तर्फबाट संयोजक अशोक चौधरी, बुद्धिराम चौधरी, चैनकुमार चौधरी, मिना चौधरी, सङ्गीता चौधरीलगायतको सहभागीतन रहेको थियो। वडा नम्बर २ पुन्यपुरस्थित सरसफाइ व्यवस्थापन केन्द्रमा फोहोर उचित रूपमा व्यवस्थापन नभएको भन्दै कठाहाका स्थानीयहरूले गत सोमबारदेखि केन्द्रमा ताला लगाई आन्दोलित भएका थिए।

# बेलहिया नाका सुन्दरीकरण बनाउन सिनपाको सक्रियता

भैरहवा (बुटवल टुडे), १५ मंसिर- सिद्धार्थनगर नगरपालिकाका नगरप्रमुख तथा संविधानसभा सदस्य इशितयाक अहमद खानले भारतसँग जोडिएको बेलहिया नाकालाई पर्यटनमैत्री र सुन्दर बनाउने उद्देश्यले सोमबार सरोकारवालाहरूसँग छलफल तथा स्थलगत अवलोकन गरेको छ। यसअघि जेनजी आन्दोलनका कारण रोकिएको बेलहिया नाका सुन्दरीकरण तथा हरियाली अभियानको कामलाई सुरु गराउन नगरप्रमुख खानले लुम्बिनी प्रदेश सरकारबाट बजेट विनियोजन गरिसकेका छन्।

तत्काल काम अघि बढाउने विषयमा उनले लुम्बिनी पर्यटन परिषद्का कार्यकारी निर्देशक रामु जोशी, पर्यटन डिभिजन कार्यालय रूपन्देहीका प्रमुख नेत्रप्रसाद भुसाल, इन्जिनियर रेशमराज आचार्यसहित सरोकारवालाहरूसँग स्थलगत निरीक्षण गर्दै विस्तृत छलफल गरेका हुन्। "बेलहिया नाका नेपालको प्रमुख प्रवेशद्वारमध्ये एक हो। यसलाई सफा, सुन्दर र पर्यटनमैत्री बनाउन सकेमा लुम्बिनी भ्रमणमा आउने पर्यटकको पहिलो प्रभाव सकारात्मक पर्छ," नगरप्रमुख खानले भनेको छ।





लुम्बिनी पर्यटन परिषद्का कार्यकारी निर्देशक रामु जोशीले बेलहिया नाकाको सुन्दरीकरणले लुम्बिनीको पर्यटन प्रवर्द्धनमा ठूलो योगदान पुग्ने बताए। पर्यटन डिभिजन कार्यालय रूपन्देहीका प्रमुख नेत्रप्रसाद भुसालले प्राविधिक तथा बजेटको हिसाबले काम अघि बढाउन कुनै समस्या नरहेको जनाए। नगरप्रमुख खानले चाँडै काम अघि बढाएर सुन्दरीकरण, हरियाली, फुटपाथ, सडक बत्ती, स्वागतद्वारलगायत काम एकैसाथ सुरु गरिने प्रतिबद्धता व्यक्त गरेका छन्। बेलहिया नाका सुन्दरीकरणले नेपाल-भारत सीमा क्षेत्रको मुहार फेरिने र लुम्बिनी आउने पर्यटकको संख्या बढाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

# विभागले भन्यो: टेन्डर अविलम्ब खोल्नु

बुटवल (बुटवल टुडे), १५ मंसिर- नेपाल सरकार कृषि तथा पशुपंक्षी विकास मन्त्रालय कृषि विभागले लामो समय सम्म विना टेन्डर सञ्चालनमा रहेको बुटवलका कृषि उपज केन्द्र को टेन्डर अविलम्ब खोल्नको लागि निर्देशन दिएको छ। कृषि उपज थोक बजार व्यवस्थापन समिति बुटवललाई मंसिर १५ गतेको पत्र लेख्दै विभागका बरिष्ठ कृषि अर्थविज्ञ कलशराम चौधरीले अविलम्ब टेन्डर प्रक्रिया अगाडी बढाउन र अदालतको फैसला कार्यान्वयन गर्नको लागि निर्देशन दिएका हुन।

सटर वाहल सम्बन्धी सम्मानित अदालतको फैसला कार्यान्ववयनको लागि विभागले पत्र काटेर सचेत समेत गराएको हो। पत्रमा कृषि बजार व्यवस्थापन समितिले २०८१ भदौ २४ गते आह्वान गरेको सटरको बेलपत्र सम्बन्धी मुद्दामा अदालतबाट फैसला भईआएको अवस्थामा पनि सटरको बोलपत्र नखुल्नको कारण समेत माग गरेको हो। अदालतबाट २०८२ कार्तिक २० गते गरेको अन्तीम फैसला अनुसार सटरको टेन्डर अविलम्ब खोल्नको लागि निर्देशन दिएको थियो। विभागले बुटवल उपमहानगरपालिका, जिल्ला प्रशासन कार्यालय रूपन्देही, लुम्बिनी फलफूल तथा तरकारी व्यवसायी संघ रूपन्देहीलाई समेत बोद्धार्थ पत्र दिँदै 'सटर वाहल सम्बन्धी बोलपत्रको विषयमा सम्मानित जिल्ला अदालत रूपन्देहीबाट अदालतको फैसला कार्यान्वयन गर्ने प्रक्रिया प्रचलित कानून बमोजिम तुरुन्त अघि बढाउनको लागि निर्देशानुसार अनुरोध छ' भनी पत्र काटेको हो। साथै विभागको पत्रमा सो सम्बन्धी कामको दैनिक प्रगति विवरण समेत विभागको ईमेलमा पठाउनको लागि अनुरोध समेत गरेको छ।


नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
(बजार विकास, आर्थिक विश्लेषण तथा तथ्याङ्क शाखा)
हरिहरभवन, ललितपुर
फोन नं. ५५२१३२३, ५५२८२२६, ५५२१३५६
फ्याक्स: ५५२४२२६
Website: www.doanepal.gov.np
Email: agrimarket.doa@gmail.com
प.सं. २०८२/०८३
च.नं. ६३
श्री कृषि उपज थोक बजार व्यवस्थापन समिति,
बुटवल, रुपन्देही।
मिति: २०८२/०८/१५
विषय: सटर वहाल सम्बन्धी सम्मानित अदालतको फैसला कार्यान्वयन गर्ने बारे।
प्रस्तुत विषयमा त्यस कृषि बजार व्यवस्थापन समितिले मिति २०८१/०५/२४ गते आह्वान गरेको सटर वहाल बोलपत्र सम्बन्धी विवाद (मुद्दा नम्बर ०८१-CP-१६८२ र ०८१-CP-०७३०) सम्मानीत रुपन्देही जिल्ला अदालतबाट मिति २०८२/०७/२० गतेको फैसलाबाट निरुपण भई फैसलाको पुर्ण पाठ समेत प्राप्त भइसकेको विदितै छ। सटर वहाल सम्बन्धी बोलपत्रको विषयमा सम्मानीत रुपन्देही जिल्ला अदालतको फैसला कार्यान्वयन गर्ने प्रकृया प्रचलित कानुन बमोजिम तुरुन्त अघि बढाउनुहुन निर्देशानुसार अनुरोध छ।
पुनश्च: सो सम्बन्धी कामको दैनिक प्रगति विवरण यस विभागमा इमेलमार्फत पठाउनुहुन समेत अनुरोध छ।
बोधार्थ:-
श्री बुटवल उप-महानगरपालिका, बुटवल, रुपन्देही।
श्री जिल्ला प्रशासन कार्यालय, भैरहवा, रुपन्देही।
श्री लुम्बिनी फलफूल तथा तरकारी व्यवसायी संघ, बुटवल, रुपन्देही।
कलशराम चौधरी
बरिष्ठ कृषि अर्थ विज्ञ

२०८१ भदौ २४ गते कृषि बजार व्यवस्थापन समितिले ६८ वटा सटर भाडामा लगाउने गरी बोलपत्रको सूचना प्रकाशन गरेको थियो। सोही अनुसार ६८ वटा सटरका लागि २६७ वटा बोलपत्र दर्ता भएका छन्।

# 'मल आउँछ' जान्छ कहाँ ?

**जागेश्वर थारु**
बर्दिया, १५ मंसिर।

बाँके-बर्दिया क्षेत्रका किसान अहिले हिउँदेवाली लगाउन समयमा आवश्यक रासायनिक मलको अभाव यथावत छ। धानबाली लगाउँदाको समयमा पनि मलको हाहाकार थियो।

कृषिको मुख्य आधार मानिने युरिया, डीएपी र पोटासजस्ता रासायनिक मलको अभावले हिउँदेबाली उत्पादनमै ठूलो असर पर्न सक्ने संकेत देखिएको छ।



सहकारी, कृषि सामग्री केन्द्र (एग्रोभेट) र स्थानीय भण्डारण केन्द्रहरू सबैमा मल खोज्दै किसान सुबहैदेखि लाइन लाग्न थालेका छन्। कतिपय ठाउँमा किसान बिहान ५ बजेदेखि नै सहकारीको गेटअगाडि लाइन बस्दै आएपनि आवश्यक परिमाणको मल नपाएर रित्तै हात घर फर्किएको गुनासो बढ्दै गएको छ।

(बाँकी पृष्ठ २ मा)

## Devchuli Municipality
## Office of Municipal Executive
**Pragatinagar, Nawalparasi (East)**

## Invitation for Bids

**First Date Of Publication:- 2082/08/16 (2025-12-02)**

Devchuli Municipality Invites Open Competitive Bidding Form Eligible bidders for the works given in table below under competitive Bidding procedures.

| s. n | Contract Identification no. | Description of works | Estimated Amount (Inclusive Vat And PS). | Bid Security Amount (Nrs.) | Bid Document Purchase Amount (Nrs.) |
|---|---|---|---|---|---|
| 1 | 06/WORKS/NCB/ DEV/082/083 | Construction Of Ring Road In Devchuli Municipality (Ward 1-17) And Overlaping Different Road Section In Ward 09. | | 650000 | 5000.00 |
| 2 | 07/WORKS/NCB/ DEV/082/083 | Devchuli Nagarpalika kaa Bipanna Nagarik Haru ko Awash Nirman (Ward 1-17) | 1,37,23,619.90 | 345000 | 3000 |
| 3 | 04/DEV/SQ/ GOODS/2082-083 | Procurement Of Vetinary Medicine For Devchuli Municipality (Pasu Sewa Sakha) | | 19000 | 1000 |
| 4 | 02/DEV/SQ/ GOODS/2082/083 (2ndtime) | Procurement Of Stationery Items For F/Y 2082/083 (Nagar Hospital) (2ndtime) | | 40000 | 1000 |

| | |
|---|---|
| Deadline for Bid Submission,Opening, Date Time And Location for ncb works | 2082/ 09/17(1st jan 2026 ) till 12:00 Noon, 2082/ 09/17(1st jan 2026 ) 13:00 at Office Premises(For NCB) |
| Deadline for Bid Submission, Opening, Date Time And Location for sq goods | 2082/ 09/02(17th DEC 2025 ) till 12:00 Noon, 2082/ 09/02(17th DEC 2025 ) 13:00 at Office Premises(For SQ) |
| Account Details for Bid Document & Bid Security Deposit. | Name of the bank: NIC ASIA BANK, Office:Devchuli Municipality, Daldale nawalparasi(East) Office Account Number:0772050029165002 Account Name:-GA 1.1 – ANTARIK RAJASHWA KHATA -DEVCHULI NAGARPALIKA. Office:Devchuli Municipality, Daldale nawalparasi (East) Account Name:-GA 3 – DHARAUTI KHATA -DEVCHULI NAGARPALIKA. **Office Account Number:** 0772050029165007. |

1. Bidders can download the bidding documents and submit their bids electronically through e-procurement section under PPMO's website: http://bolpatra.gov.np,as specified in the bidding data sheet for provision of e-Bidding.The bidders must submit the bid through electronic bidding only.Bidding through hard copies shall not be accepted.
2. Eligible Bidders May obtain further information at Devchuli municipality office, Nawalparasi Bardaghat susta purba. (mob.9857026978)
3. Matters not Covered Above shall be as per the latest amendment of public procurement Act and its Regulation

**Chief Administrative Officer**

## Invitation for Bids
## Dharan Sub Metropolitan City
**Date of publication: 2082-8-16, 2-12-2025**

1. **Dharan Sub Metropolitan City** invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of following projects under National Competitive Bidding procedures.

| S. N | CONTRACT ID | NAME OF WORK | LAST DATE OF SUBMISSION | ESTIMATED COST WITHOUT VAT AND INCLUDING P.S | PROCUREMENT TYPE |
|---|---|---|---|---|---|
| 1 | 16/DHARAN/ WORKS/ NCB/082/83 | Acharya Line and Gautam Path Asphalt Concrete Road Construction Work, Dharan-9 | 01-01-2026 | NRS 71,89,169.94 | NCB |
| 2 | 15/DHARAN/ WORKS/ SQ/082/83 | Triratna Bihar R.C.C Road Construction work, Dharan-3 | 17-12-2025 | NRS 14,66,214.14 | SQ |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO website www. bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

## सम्पादकीय

# सडक निर्माणमा लापरवाही कहिलेसम्म ?

एकसय ८५ किलोमिटर सडक निर्माणको काम सम्पन्न गर्न कति समय लाग्ला ? विदेशमा भए यसको सजिलै उत्तर आउँछ थोरैमा ६ महिना वा बढीमा एक बर्ष। तर, नेपालमा भने १६ बर्ष अघि सुरु भएको एउटा आयोजना अझै पूरा हुन सकेको छैन। प्रसंग हो- सालझण्डी ढोरपाटन सडक आयोजनाको। ट्रयाक खुलेको वर्षौंसम्म सडक स्तरोन्नति हुन नसक्दा स्थानीय र ढोरपाटन आउने पर्यटकले सास्ती खेप्नु परेको छ। विडम्वना नै भन्नुपर्दछ- वि.सं २०८० वैशाखमा ग्राभेल गरिसक्नुपर्ने भएपनि अहिलेसम्म जम्मा ६१ प्रतिशत मात्रै काम सकिएको छ। अर्को आश्चर्य के छ भने निर्माण कम्पनीले अहिले तेस्रो पटक म्याद थप गरेर काम गरिरहेको छ तरपनि काम एकदमै सुस्त गतिमा भैरहेको छ। विसं २०६६ मा रूपन्देहीदेखि सुरु भएको यो सडक अर्घाखाँचीको सन्धिखर्क, गुल्मी, पाल्पा हुँदै ढोरपाटन जोडिएको छ। रूपन्देही, अर्घाखाँची, पाल्पा र गुल्मी जिल्लामा काम भएपनि बागलुङ खण्डमा अपेक्षा अनुसार काम हुन सकेको छैन। यतिका समयसम्म काम सम्पन्न नहुँदा हिउँदमा हिलो र बर्खामा धुलोले स्थानीय र ढोरपाटन आउन पर्यटकले सास्ती खेप्नुपरेको छ। त्यसो त समयमै आयोजना निर्माण नहुनु यो सडकको मात्रै होइन, नेपालकै तीतो यथार्थ हो। सुरु भएका धेरै आयोजना एक बर्षमात्रै होइन बर्षौंसम्म अलपत्र हुने गरेका छन। यो सडक निर्माण सुरु भएको डेढ दशक हुँदापनि पूरा हुन नसक्नुले नेपालको काम गराईको शैलीलाई गिज्याईरहेको छ। पूर्वाधार निर्माणका क्षेत्रमा बर्षौंदेखि हेलचेक्राई गर्दै आएको यो एउटा पछिल्लो उदाहरण मात्र हो। निर्माणको काम अलपत्र पार्ने, बीचमै छोड्ने गरेको र त्यसका कारण जनताले सास्ती पाएको घटना धेरैछन्। जनताले समयमै निर्माण सम्पन्न गर्न दवाव दिएपनि जनताको आवाज सुनुवाई हुँदैन। बरु निर्माण कम्पनीलाई पहिलेभन्दा मूल्य बढाएर थप रकम उपलब्ध गराउने गरिएको छ।

सरकारले धार्मिक पर्यटकीय स्थल लुम्बिनीबाट बाग्लुङको ढोरपाटनसम्म जोड्ने उद्देश्यले राष्ट्रिय प्राथमिकताको आयोजनाको रूपमा सालझण्डी-सन्धिखर्क-ढोरपाटन सडकको काम सुरु गरेको थियो तर डेढ दशकसम्म पनि निर्माण पूरा हुन सकेको छैन। यो सडकका कारण जनताले पाएको सास्ती नेपालका अरू धेरै सडकमा यात्रा गर्ने नेपालीले पनि पाएका छन्। सडक निर्माणको कामको दौरानमा पर्याप्त बजेट विनियोजन नहुनु, निर्माण व्यवसायीको लापरवाही, स्थानीयसँग विवाद लगायतका कारण काम सुस्त भएको छ। सडक निर्माणको काम समयमै पूरा नहुनुका पछि धेरै कारण होलान तर प्रमुख कारण भनेको निर्माण ब्यवसायीहरूले पनि काममा ढिलासुस्ती गर्नु हो भन्दा अत्युक्ति हुँदैन। सालझण्डी ढोरपाटन सडक निर्माणको काम सुरु भएको डेढ दशक पूरा भैसकेको छ। १६ बर्षको समय आफैमा एउटा युग हो। सानो बच्चा जन्मिएर नौजवान हुने समय हो तर दुःखको कुरा यति लामो समयमा पनि सडक निर्माण कहिले पूरा हुने हो अहिलेसम्म टुंगो छैन। सडक शिलान्यास हुँदा समयभित्रै उक्त सडक बन्छ भनेर मन्त्री र साँसदले भाषण गरेको त्यस क्षेत्रका जनताले अझै विर्सिएका छैनन्। तर, समयमै सडक निर्माणको कुरा त परै जाओस, कामको गति एकदमै सुस्त छ। यो सडक समयमै नबन्दा त्यस क्षेत्रका हजारौं जनतालाई समस्या परेको छ। यात्रा सकसपूर्ण भैरहेको छ। हिउँदमा धुलो र बर्षामा हिलो त्यो सडकको नियति बनेको छ। १ सय ८५ किलोमिटर लामो सडक बनाउन १६ बर्ष बढी समय लाग्नु र त्यो पनि अहिलेसम्म निर्माण सकिने मितिसम्म पनि पूरा नहुनु चिन्ताको बिषय हो। सरकारले समयमै चासो दिएर निर्माणको काममा तदारुकता देखाएको भए यो अवस्था आउने थिएन। अतः सालझण्डी ढोरपाटन सडक निर्माणमा सरकारको ध्यान पुगोस।

## 'मल...

'बाँके र बर्दियाका अधिकांश किसानका लागि हिउँदेबाली विशेषगरी गहुँ, तोरी, मसुरो, चना, मटर र तरकारी खेती मुख्य आयस्रोत हो। वर्षौंदेखि यही फसलले परिवार पालिरहेका किसान अहिले मल नपाउँदा चिन्तामै छन्। बर्दिया जिल्लामा मात्रै करिव ६० प्रतिशत खेतीयोग्य जग्गामा हिउँदेबाली लगाइने गरिन्छ, तर यसवर्ष समयमै पानी नपरेकै बीच अब मल अभावको ठूलो चुनौती थपिएको किसानहरू बताउँछन्।'बाँकेको जानकी गाउँपालिका-५ का किसान सोमबहादुर यादव भन्छन्, "हामी बिहानै चार-पाँच बजे उठेर सहकारी पुग्छौं, तर जब पालो आउँछ, मल सकिएको हुन्छ। यो वर्ष खेती गर्न नसकिए के खाने, कसरी परिवार चलाउने भन्ने चिन्ता छ।"

'सहकारी र एग्रोभेटहरूमा उपलब्ध मल मागको तुलनामा अत्यन्त कम छ। बर्दियाको मधुवन नगरपालिका, राजापुर, ठाकुरबाबा, बाँकेको डुडुवा, जानकी, राप्ती सोनारीलगायत क्षेत्रका किसानहरू हरेक दिन मल खोज्न गाउँ-गाउँका सहकारी धाइरहेका छन्। कतिपय सहकारीले 'मल आउँछ' भनेर सूचना दिए पनि पर्याप्त मात्रा नआउँदा किसान निराश हुँदै फर्किने गरेका छन्।

'मल अभावको समस्या यति तीव्र बनेको छ कि धेरै किसान राति नै सहकारीको गेटमा गएर लाइन बस्ने गरेका छन्। बर्दियाको बढैयाताल गाउँपालिकामा केही दिनअघि मल वितरण हुने भनेर खबर भएपछि सयौं किसान विहान सबेरै लाइनमा बसेका थिए। तर उपलब्ध मल अत्यन्त कम हुँदा अधिकांश किसानले एक बोरा पनि पाउने अवसर पाएनन्। "हामी ५ बजे गएर बसेका थियौं, ११ बजे मात्र सहकारी खुल्यो, अनि २५ बोरा मल आएको भन्ने जानकारी भयो। त्यो पनि सहकारीका केही पुराना ग्राहकले लिए, हामीजस्ता सामान्य किसान फेरि निराश," किसान कौशल थारु भन्छन्।

'कतिपय ठाउँमा किसानबीच धकेलाधकेल, झगडा र विवादसमेत भएको देखिएको छ। सहकारी कर्मचारीहरूका अनुसार मल कम आएको र माग अत्यधिक भएकाले कसलाई दिने र कसलाई नदिने भन्ने निर्णय नै कठिन बनेको छ।

'किसानहरूका अनुसार मुख्य समस्या समयमै मल उपलब्ध नहुनु र वितरण प्रक्रियामा पारदर्शिता नहुनु हो। नेपालमा मल आयात अत्यधिक समय लाग्ने प्रक्रिया भएकाले वितरणमा ढिलाइ हुने गरेको किसानहरू बताउँछन्। कृषि ज्ञान केन्द्र बाँके र बर्दियाले सहकारीहरूको मागअनुसार मल पठाउन प्रयास गरिरहेको भए पनि केन्द्रीय आपूर्तिमै समस्या भएकाले वितरण सुचारु हुन नसकेको अधिकारीहरूको भनाइ छ।

'युरिया, डीएपी र पोटास कृषि उत्पादनका तीन मुख्य आधार मानिन्छन्। तर यिनै मल वर्षौंदेखि आयातमा निर्भर रहँदा प्रत्येक वर्ष अभाव देखिने गरेको छ। यो वर्ष त विशेषगरी भारतमा मल आपूर्ति कडाइ, अन्तर्राष्ट्रिय ढुवानी समस्या, आयात प्रक्रियामा ढिलाइ, बजेट अभाव तथा केन्द्रीय भण्डारणको कमीका कारण मल अभाव झनै चर्किएको कृषि अधिकारीहरूको बुझाइ छ।

'बर्दियाको एक सहकारीका कर्मचारी अनुसार, "हाम्रो सहकारीले ३०० बोरा मल माग गरेको थियो, तर ३०-४० बोरा मात्रै आएको छ। यसरी कसरी किसानलाई ठीकसँग वितरण गर्न सकिन्छ?"

'मल उपलब्ध नहुँदा अहिले गहुँ रोपाइँ परेको जग्गा खाली बसिरहेको छ। तराईको अधिकांश क्षेत्रमा मंसिर-पुस महिना हिउँदेबाली रोप्ने मुख्य समय हो। यसअघि नै ढिलो परेको रोपाइँ मल अभावले झनै ढिलो हुँदैछ। किसानहरूको अनुमान अनुसार समयमै मल नपाए उत्पादकत्व ३०-४० प्रतिशतसम्म घट्न सक्छ। 'ठाकुरबाबा-७ का किसान शम्भु चौधरी भन्छन्,"अहिले मल नपाएर रोपाइँ रोकेका छौं। गहुँ रोपिसकेपछि १५ दिनभित्र मल हाल्नुपर्छ, तर अहिलेसम्म उपलब्ध छैन। यसरी खेती गर्नु भनेको घाटै घाट हो।"

'किसानको समस्या झनै गम्भीर छ। तरकारी खेतीमा समयमै मल र पानी अत्यन्तै महत्त्वपूर्ण हुन्छ। मल नपाउँदा धेरै किसानले लगाएको तरकारीबाली कमजोर हुँदै गएका छन्। बजारमा तरकारीको मूल्य बढ्ने सम्भावना पनि बढेको छ।

'मल अभावकै बीच केही सहकारी र एग्रोभेटहरूले मल 'लगत वितरण' गरेको, सदस्यता नभएकालाई नदिएको, केही व्यक्तिहरूलाई बढी दिएको, तथा कतिपय ठाउँमा मनोमानी मूल्य लिएको जस्ता गुनासाहरू पनि बढिरहेका छन्। 'बर्दियाको किसान प्रताप थारूले भने, "सहकारीले भन्छ- सदस्या बन, अनि मल दिन्छौं। तर सदस्यता शुल्क महँगो लिन्छ। कतै बढी रकम लिएर मनलाग्दी व्यक्तिलाई मल दिएको पनि सुनिन्छ।'

'यद्यपि सहकारीहरूले भने यस आरोपलाई अस्वीकार गर्दै आफूहरूलाई आएको मल अत्यन्त कम भएकाले प्राथमिकतामा वितरण गर्नै बाध्य भएको दाबी गर्छन्।

'स्थानीय तहका जनप्रतिनिधि र कृषि शाखाहरूले किसानलाई सम्हाल्न नसक्ने अवस्थामा पुगेका छन्। दैनिकजसो किसानले मल माग्दै कार्यालय धाउने गरेका छन्। कृषि शाखाका अनुसार, "किसानले मल मागेर दवावप दिनुभएको छ, तर हामीसँग दिने सामग्री छैन। सरकारले पठाइदिएपछि मात्रै वितरण सम्भव हुन्छ। अहिले हामी पनि असहजमा छौं।"

'किसानहरूले भने समयमै योजना नबनाएको, सहकारीसँग स्पष्ट समन्वय नगरेको र मल अभाव भइरहँदा समयमा आवाज नउठाएको भन्दै स्थानीय तहलाई पनि दोष लगाएका छन्।

'किसानहरूलाई मल नपरेपछि कतिपयले भारततिर गएर मल ल्याउने गरेका छन्। बाँके-बर्दिया भारतसँग सीमा जोडिएको भएकाले जोखिम मोलेर भारतीय बजारबाट मल ल्याउने प्रवृत्ति बढेको किसानहरू बताउँछन्। 'तर यो कार्य अवैध मानिन्छ र भारतीय तथा नेपाली सुरक्षाको कडाइका कारण धेरै किसान धरपकड हुने डरले खुलेर मल ल्याउन सकिरहेका छैनन्। त्यसैले सीमाबाट ल्याइने मलले समेत अभाव घटाइरहेको छैन।

'कृषि विज्ञहरूको चेतावनी छ कि यदि अहिल्यै राज्यले तत्काल आपतकालीन व्यवस्था गरी पर्याप्त मल आपूर्ति नगरे बाँके-बर्दिया मात्रै होइन, समग्र तराई क्षेत्रमा खाद्य संकट बढ्ने सम्भावना छ।

'कृषि विज्ञ बीरबहादुर केसी अनुसार,' "हिउँदेबाली नेपालमा खाद्य सुरक्षाको मेरुदण्ड हो। यही समयमा मल नहुँदा गहुँ उत्पादन ठूलो मात्रामा घट्छ। यसलाई सामान्य सम्झनु ठूलो भूल हुनेछ।' 'किसानहरू भन्छन्, 'हामीलाई राहत चाहिएको होइन, मल चाहिएको हो। खेती गर्न नदिए पछि देश कसरी समृद्ध बन्छ?' 'बाँके-बर्दियाका किसान अहिले विकराल कार्यक्रममा छन्। मौसम अनुकूल रहे पनि मल अभावले बाली लगाउनै नसक्ने अवस्था सिर्जना हुँदैछ।


**Government of Nepal**
**Ministry of Agriculture and Livestock Development**
**Department of Livestock Services**
**Central Fisheries Promotion & Conservation Centre**
**Pure Line Fish Breed Conservation and Promotion resource center**
**Bhairahawa, Rupandehi**

**INVITATION FOR BIDS (IFB)**

**IFB NO.: PLFBC/NCB/WORKS/01-082/83**
**DATE OF PUBLICATION: 2082-08-16 BS (2025-12-02 AD)**

1. Pure Line Fish Breed Conservation and Promotion resource center, Bhairahawa, Rupandehi invites electronic bids for the construction of following works under NCB procedures. All other information and bid documents can be downloaded from PPMO'S website: www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit bid with the requested documents with in mentioned period.

| S N | Contract No/Bid No | Description of Works | Total Estimate Amount with PS (Excluding VAT) | Bid Security Amount (NRs) | Bid Document Price (NRs) | Last date of Bid Submission and Time | Rmks |
|---|---|---|---|---|---|---|---|
| 1. | PLFBC/ NCB/ WORKS/ 01-082/83 | Construction of Pond wall work in P11, A, B, C Pakidill in Pure Line Fish Breed Conservation & Promotion Resources Centre, Omsatiya, Rupandehi | 68,14,808.95 | 2,15,000/- | 3,000/- | 2026-01-02 (2082-09-18) 12:00 Hours | Single Enveloped |

**Senior Fisheries Development Officer**

**Madane Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Purkotdaha, Gulmi**

**Invitation for Electronic Bids**

**1st Date of Publication: 2nd December 2025 (16th Mangsir, 2082)**

Madane Rural Municipality, Purkotdaha, Gulmi invites electronic bids from duly eligible and qualified registered bidders for the procurement of following works under NCB. Name and identification of contracts are mentioned below and the details are in the bidding document.

| S. No | Contract ID. | Description of Work | Estimated Amount (With VAT, PS and contingencies) in NPR | Bid Document Fee (NPR) | Bid Security Amount (NPR) | Bid Submission Deadline | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1. | OMDRM-GUL-W-SQ-08-2082/83 | Baishkot Tirne Patera Sinchai Yaojana | 1999712.17 | 1000 | 50000 | 17th December 2025 12:00 Noon | 17th December 2025 13:00 hrs. |
| 2. | OMDRM-GUL-W-SQ-09-2082/83 | Janasewa Aa Bi Purbadhar Nirman yaojana | 1999284.36 | 1000 | 50000 | 17th December 2025 12:00 Noon | 17th December 2025 13:00 hrs. |
| 3. | OMDRM-GUL-W-SQ-10-2082/83 | Thaadhunga Dada Bash Dada Sadak Upgrading | 1999532.66 | 1000 | 50000 | 17th December 2025 12:00 Noon | 17th December 2025 13:00 hrs. |

| Bank Name | Name of Office | Deposit Account Name and No. | |
|---|---|---|---|
| Agriculture Development Bank | Madane Rural Municipality Purkotdaha, Gulmi | Madane Rural Municipality Ga 1.1 Internal Revenue 0425401499748114 (rajaswo khata) | Madane Ga.Pa.Ga.3.1 Local Level Dep 0425401499748041 (Dharauti Khata) |

1. Bid Validity Period shall be 90 days after bid opening, and Bid Security Validity Period shall be 30 days beyond the bid validity period for NCB.
2. Bid Validity Period shall be 45 days after bid opening, and Bid Security Validity Period shall be 30 days beyond the bid validity period for SQ.
3. Tender Procedures shall follow public procurement act 2063 and public procurement regulation 2064 along with recent amendments.
4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. For further information please refer to the PPMO's website http://bolpatra.gov.np/egp. Any amendment in the notice or bid documents will be posted in notice board of this office or PPMO's website.
6. For other information, refer to bid document or contact 9857049049, 9857067675.

**Chief Administrative Officer**

**Mayadevi Rural Municipality**
**Office of Rural Municipal Executive**
**Pakadi, Kapilvastu Lumbini Province**

**Invitation for Bids**

**Date of publication: 2025-12-02**

1. Office of Mayadevi Rural Municipality, Pakadi, Kapilvastu invites online bids only from Nepalese eligible bids under Standard bidding procedure.

| S N | Project ID | Name of Project | Bid Security | Bidfee | Final bid Submission date & time |
|---|---|---|---|---|---|
| 1 | 05-NCB-MRM-KAP-082/83 | Dumra Swasthya Chauki ma Purbadhar Nirman Ward No.6 | 65,000 | 3,000 | 2025/12/30 2:00 PM |
| 2 | 06-NCB-MRM-KAP-082/83 | Construction of Road Dumra Rajawapur Siswa Dumariya Road | 4,50,000 | | |

2. Bidders are Strongly Requested to submit their Qualification Information and Bidding Forms as provided in bidding documents and clearly state the Contract ID in Voucher of Bid Document Fee. Failure to submit their Qualifications information, Bidding Forms as provided in Bid Document and Contract ID in Voucher of Bid Document Fee shall be ground for declaring the Bid NON-RESPONSIVE.
**Name of Office: Mayadevi Rural Municipality, Pakadi, Kapilvastu**
**Name of Account: GA 1.1 Aantarik Rajaswa Khata**
**Name of the Bank: NMB Bank Pakadi-01**
**Account Number: 1190072295600031**
3. A complete eligibility requirement can be found in Bidding Documents which may be purchased fromthe PPMO website www.bolpatra.gov.np and bid opening will be held on 2:00 PM on the last day of bid submission date at office address.
4. Mayadevi Rural Municipality, Pakadi reserves right to accept and reject any bid, and to annul the process and reject all bids at any time prior to contract award.

**Chief Administrative Officer**

**Lumbini Banijya Campus**
**Affiliated to Tribhuvan University**
**(Accredited by UGC, Nepal-2025)**
**Devinagar, Butwal-11, Rupandehi, Lumbini Province, Nepal**

**Notice for Opening of Financial Bid**

**Date of Publication: 2082/08/16 (Dec 2, 2025)**

Pursuant to rule no. 31 (H), sub-rule no. 5 of Public Procurement Regulation 2064, it is notified to all concerned that the financial bid of the below-mentioned contract will be opened on **2082/08/23** at **2:00 PM** at **Lumbini Banijya Campus, Butwal Rupandehi.**

| S. N. | Name of Contract | Contract No. | Substantially Responsive Bidder in Technical Evaluation |
|---|---|---|---|
| 1 | Extension of Jitgadhi Academic Block (Additional 3 Floors). | Lumbini/W/ NCB-02 | 1. Taleju- Golden-Sanke Jv, Kageshwori Manhara-08, Kathmandu<br>2. Sharma Builders, Pokhara. -17, Kaski<br>3. Orbit E./Hans C. JV, chabahil, kathmandu<br>4. Bhagawati Nirman Sewa (P) Ltd., Ward No. 8 Kharelthok, Kavre<br>5. Good Build Construction Pvt. Ltd, Kavre<br>6. Pinus/Bibek J.V., Baneshwor, Kathmandu<br>7. Purna Chandra Nirman Sewa Pvt.Ltd, Bidur-1, Nuwakot<br>8. Ishaan/Akrit J.V, Kathmandu<br>9. Fujor-Dirghayu Construction JV, Bijulibazar, Kathmandu<br>10. Chanyaswori Nirman Sewa Pvt. Ltd, Baneshwor-10, Kathamandu<br>11. Amirt- Arch Tech-Infinite J.V, Nuwakot<br>12. Rangeli Nirman Sewa Pvt. Ltd., rangeli<br>13. N.B. Engineering and Construction Pvt. Ltd., Butwal<br>14. Lumbini Construction, Laxminagar, Butwal-6<br>15. Coral Nirman Pvt. Ltd - Abhiyanta Construction Pvt. Ltd, Kalikanagar Butwal- 11 |

**Campus Chief**

# उद्योग बिक्री सम्बन्धी सूचना

जिल्ला कपिलवस्तु शिवराज नगरपालिका वडा नं. ५, चन्द्रौटास्थित गुराँस डिस्टिलरी प्रा. लि. उद्योग र. नं. १७५१/४० जग्गा बाहेक नेपाल सरकारद्वारा इजाजत प्राप्त गरेको स्प्रीट तथा मदिरा उत्पादन इजाजत पत्र र स्प्रीट प्लान्ट स्टकमा रहेको मदिरा साथै अन्य मेसिनरी सामानहरु बिक्रीमा छ । खरिद गर्ने इच्छुक व्यक्तिहरु निम्न लिखित नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**सम्पर्क नं. ९८४७०२२५८२**

## इलाम नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**भानुपथ, इलाम, कोशी प्रदेश, नेपाल**

Green Ilam

## दररेट पेश गर्ने बारे ।

सूचना प्रकाशन मिति: २०८२/०८/१६

श्री सम्पूर्ण सप्लायर्स, फर्महरु

